कर्णाली प्रदेश सरकार

# आन्तरिक मामिला तथा कानून मन्त्रालय

वीरेन्द्रनगर, सुर्खेत, नेपाल

मितिः २०८१/०४/३१

## प्रदेश स्थापना तथा सहिद दिवस, २०८१ मनाउने सम्बन्धमा।

प्रदेश स्थापना तथा सहिद दिवस, २०८१ यही भाद्र ३, ४ र ५ गते तीन दिनसम्म मनाउने सन्दर्भमा प्रदेश स्थापना तथा सहिद दिवस, २०८१ मूल समारोह समितिका अध्यक्ष माननीय मुख्यमन्त्री यामलाल कडेलज्यूको अध्यक्षतामा मिति २०८१/०४/२८ गते वसेको वैठकवाट तपसिल वमोजिमका कार्यक्रमहरु संचालन गरी मनाउने निर्णय भएकोले सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिलः

| मिति | कार्यक्रम |
|---|---|
| २०८१ भाद्र ३, ४ र ५ गते | प्रदेशस्थित सबै सरकारी, सार्वजनिक एवम् सामुदायिक संघ-संस्थाका कार्यालयहरुको भित्री र वाह्य परिसर सरसफाई गर्ने र आम सर्वसाधरणले समेत आ-आफ्नो घर, आँगन, टोल सरसफाई कार्यलाई प्राथमिकता साथ अगाडि वढाउने। |
| | प्रदेश स्थापना तथा सहिद दिवस, २०८१ लाई प्रदेशका सवै जिल्ला र स्थानीय तहमा विविध कार्यक्रम गरी मनाउनको लागि सम्वन्धित जिल्ला समन्वय समितिले संयोजन गर्ने। |
| २०८१ भाद्र ३ गते | वीरेन्द्रनगर नगरपालिका-४ स्थित भैरवस्थानमा रहेको सहिद पार्कमा वेलुका ६:३० वजे दीप प्रज्वलन गर्ने। |
| २०८१ भाद्र ३ र ४ गते | खेलकुद प्रतियोगिता तथा रक्तदान कार्यकम सञ्चालन गर्ने। |
| २०८१ भाद्र ४ गते | विहान ७:३० वजे मंगलगढी चोकवाट दिवस झल्किने व्यानर तथा प्लेकार्ड, व्यान्ड वाजा सहित प्रभातफेरी कार्यक्रम सुरु गरी प्रदेश रंगशालास्थित "कभर्ड हल" मा विविध कार्यक्रम सहित प्रदेश स्थापना तथा सहिद दिवस मनाउने। |
| | मानव सेवा आश्रममा फलफूल वितरण गर्ने |
| | प्रदेशस्थित सवै सरकारी, सार्वजनिक एवम् सामुदायिक संघ-संस्थाका कार्यालयहरु र आम सर्वसाधरणले समेत आ-आफ्नो घरमा दीप प्रज्वलन गर्ने। |
| २०८१ भाद्र ५ गते | वीरेन्द्रनगर नगरपालिकाका विभिन्न स्थानमा वृक्षारोपण कार्यक्रम गर्ने। |

०४/३१

लिला प्रसाद ढकाल

(कानून अधिकृत)

CS Scanned with CamScanner